अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

ग्रामथान गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:९ संख्या:०२ मिति: २०८२/०५/१५

भाग-१

## ग्रामथान गाउँपालिका

## विनियोजन ऐन २०८२

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

ग्रामथान गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मोरङ

**विनियोजन ऐन**

ग्रामथान गाउँपालिका, मोरङ को आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति :२०८२।०५।१०

**प्रस्तावना :** ग्रामथान गाउँपालिका, मोरङ २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम ग्रामथान गाउँपालिका, मोरङको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "ग्रामथान गाउँपालिका, मोरङको विनियोजन ऐन," रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२ **आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८२/८३को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बितिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६०,९१,६४,१५४.०० (अक्षेरुपी रुपैयाँ साठी करोड एकानब्बे लाख चौसठ्ठी हजार एक सय चौवन्न मात्र |) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३को निमित्त ग्रामथान गाउँपालिका, मोरङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वितीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बितीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वितीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ संग सम्बन्धित)

ग्रामथान गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः९ | संख्याः०१ | मितिः २०८२/०५/१५ |

भाग-१

## ग्रामथान गाउँपालिका

### आर्थिक ऐन २०८२

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

५।।।।८
८२।।

ग्रामथान गाउँपालिका

आर्थिक ऐन

सभाबाट स्वीकृत मिति:२०८२।०५।१०

प्रस्तावनाः

ग्रामथान गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावको कार्यान्वयन तथा स्थानीय कर, दस्तुर, सेवा शुल्क, दण्ड जरिवाना लगायतको आय संकलनका निम्ति कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ अन्तर्गतका गाउँपालिकाका वित्तीय अधिकार क्षेत्रका बिषयमा गाउँपालिकाका आवश्यक्ता र औचित्यका आधारमा नेपालको संविधानको धारा २२८ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ऐनको दफा १०२ बमोजिम गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः यस ऐनको नाम **ग्रामथान गाउँपालिकाको आर्थिक ऐन, २०८२** रहेको छ। यो ऐन २०८२ साल श्रावण १ गते देखि ग्रामथान गाउँपालिका क्षेत्र भित्र लागू हुने छ।

२. सम्पत्ति करः ग्रामथान गाउँपालिका क्षेत्रभित्र रहेका जग्गा र घरजस्ता अचल सम्पत्तिमा आ.व. २०८२/०८३ का लागि अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने छ।

३. भूमिकर/मालपोतः ग्रामथान गाउँपालिका क्षेत्र भित्र रहेका मालपोत करदाताहरूमा अनुसूची (२) बमोजिम आर्थिक वर्ष २०८१/०८२मा भूमिकर/मालपोत लगाइने र असुल उपर गरिनेछ।

४. घर बहाल करः यस ग्रामथान गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनैव्यक्ति, संस्थाले घर, पसल, ग्यारेज, गोदाम, हल, टहरा, जग्गा, पोखरी पूरै वा आंशिक रुपमा बहालमा लगाउँदा अनुसूची (३) बमोजिम् बहाल कर लगाइनेछ।

५. व्यवसाय करः ग्रामथान गाउँपालिका क्षेत्र भित्र उद्योग, व्यपार व्यवसाय, विभिन्न सेवा वा पेशा संचालन गर्ने व्यक्ति, फर्म वा संस्थालाई अनुसूची (४) बमोजिम् व्यवसाय कर लगाइनेछ।

६. विज्ञापन करः ग्रामथान गाउँपालिका क्षेत्र भित्र गरिने विज्ञापनमा अनुसूची (५) बमोजिम् विज्ञापन कर लगाइने छ।

७. हाटवजार पसल करः ग्रामथान गाउँपालिका क्षेत्र भित्र लाग्ने हाट बजार, गुम्टी पसल, मेला तथा फुटपाथ पसलमा अनुसूची (६) हाटवजार कर लगाइने छ।

८. मनोरञ्जन करः ग्रामथान गाउँपालिका क्षेत्रभित्र शुल्क लिएर संचालन गरिने सिनेमा, भिडियो, नाटक आदिमा अनुसूची (७) बमोजिम मनोरञ्जन कर लगाइने छ।

९. निवेदन तथा सिफारिस दस्तुरः गाउँकार्यपालिका र वडा वाट गरिने विभिन्न प्रकारका सिफारिसमा अनुसूची (८) बमोजिम् दस्तुर लाग्ने छ।

१०. घर नक्सा पास दस्तुरः यस गाउँपालिका क्षेत्रभित्र निर्माण हुने विभिन्न प्रकारका घरहरुको भवन संहिता अनुसार मापदण्ड पुराहुने गरि घर नक्सा पास गर्ने र घर नक्सा पास वापत अनुसूची (९) बमोजिमको दस्तुर लाग्नेछ।

११. धरौटी जफतः कानुन बमोजिम धरौटी जफत गर्नुपर्ने निर्णय भएमा, ठेक्का कबोल गरेर ठेक्का सञ्चालन गर्न नसकेमा तथा अन्य कुनै प्रकारको धरौटी फिर्ता लाने म्याद गुज्रेमा सो धरौटी रकम जफत गरी आम्दानी बाधिनेछ।

१२. <u>दण्ड जरिबाना र दस्तुर:</u> यस गाउँपालिका भित्र सडकमा छाडा पशु चौपाया छाड्ने, विस्कुन सुकाउने, निर्माण सामाग्री जथाभावी राख्ने कार्य भई आवतजावतमा असहज तथा फोहोरमैला गरेको वा अन्य सोहि प्रकृतिका कानुन विपरितका गतिविधि भएको सम्वन्धमा उजुरी गरेमा प्रत्येक पटकका लागि रु. २००० दण्ड जरिवाना असुल गरिनेछ ।

१३. <u>कर छुट:</u> यस ऐन बमोजिम् कर तिर्ने दायित्व भएका कुनै पनि व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइने छैन तर नेपाल सरकार, प्रदेश सरकार, यस गाउँपालिका, सामुदायिक विद्यालय सरकारी अस्पतालमा कर छुट हुनेछ भने सेवा शुल्क छुट हुनेछैन ।

१४. <u>विलम्ब शुल्क:</u> मालपोत तथा अन्य करदस्तुर असुलीमा बक्यौता रहेकोमा आ. व. समाप्त भएको अर्को आ. व. मा लाग्ने करमा २०% थप कर लाग्नेछ । दोस्रो वर्षमा ५०% र तेस्रो वर्ष वा सो भन्दा माथी प्रत्येक वर्षमा १००% थप कर लाग्नेछ । तथा थप दस्तुर सहित अशुल गर्नुपर्ने बक्यौताको हिसाब चालु आ.व. को दररेट बमोजिम हुनेछ ।